# डिलासैनी गाउँसभाको बैठकमा २०७८ साल आषाढ २० गते आइतबार

## अध्यक्ष उकेन्द्रबहादुर बोहराज्युले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**डिलासैनी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**डिलासैनी बैतडी**

डिलासैनी गाउँपालिका

**सभाका आदरणीय सदस्य ज्यूहरु तथा अतिथी महानुभावहरु,**

डिलासैनी गाउँपालिकाको आ.व.२०७८/७९ को नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना, योजना तर्जुमा दिगदर्शन २०७४(परिपार्जित), संघीय/प्रदेश सरकारका मार्ग दर्शन तथा प्रथमिकताहरु तथा यस गाउँपालिकाको आवश्यकता समेतलाई आधार मानि कतिपय कानुनी अस्पष्टता, जटिलताका साथै सिमित श्रोत साधनका बावजुत यस गाउँपालिका बासी आमाबुवा, दाजुभाई दिदीबहिनीहरुले व्यक्त गरेका ईच्छा, चाहनाहरु र समग्र पालिकाको आवस्यकता अनुसार यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधिनता, अखण्डता, राष्ट्र हित, स्वाभिमान लोकतन्त्र जनजीविकाका लागि भएका सम्पूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गरी समाजको रुपान्तरणका लागि योगदान पुऱ्याउनु हुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छौ ।

विश्व नै कोरोना भाइरसको महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण अवस्था रहेको छ । यस महामारीका कारण ज्यान गुमाउनु भएका सम्पूर्ण नेपाली नागरिकहरु र मित्र राष्ट्रका नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै संक्रमित तथा उपचाररत सम्पूर्ण व्यक्तिहरु शिघ्र स्वास्थ्यलाभ गर्दछौ । साथै यो महामारी रोकथाम तथा उपचारमा खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी राष्ट्रसेवक कर्मचारी राजनितिक दल, नागरिक समाज, संघ संस्था लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैमा हार्दिक आभार प्रकट गर्दछौ । यस महामारीको विसम परिस्थितिका कारण प्रभावित सम्पूर्ण उद्योग धन्दा, कलकारखाना, व्यापार व्यवसाय लगायत आर्थिक क्रियाकलापहरु अवरुद्ध भएका छन् । जसका कारण दिगो विकास लगायतका निर्धारित लक्ष्य हासिल गर्न ठुलो व्यवधान उत्पन्न भएको छ । विश्वकै अदृष्य साझा शत्रुको रुपमा रहेको कोरोना महामारी विरुद्धको युद्ध जित्नु अपरिहार्य छ तर यो युद्ध कहिले कसरी जित्न सकिन्छ भन्ने भय चिन्ता र अन्यौल व्यप्त छ । यसका लागि समुदायहरु बीच सहकार्य, आत्मविश्वस, आशाबाद र ऐक्यबद्धताको ठूलो खाँचो छ । निश्चित रुपमै अवरुद्ध आर्थिक समृद्धि त पुनः प्राप्त गर्न सकिन्छ तर मानवीय क्षति परिपूर्ति गर्न सकिन्न भन्ने विषय अन्त्यन्त गम्भिर रहेको छ । त्यसैले यो महामारी विरुद्ध जुध्न सबैको साझा प्रयास आवश्यक छ । डिलासैनी गाउँपालिका यो विषयमा गम्भिर छ ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस गाँउपालिकाको आर्थिक वर्ष ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न गरिमामय गाँउसभामा उभिएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको सुख शान्ति र समृद्धी का लागि विभिन्न

कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

हामीले विगतका बर्षहरुमा हासिल गरेका अनुभव का आधारमा हामीमाझ व्याप्त समस्या हरुलाइ न्युनिकरण गरी विकास र समृद्धी का लागि अझै एकजुट भएर अहोरात्र खटिनुपर्ने अवस्था छ । हामी संग प्रसस्त अवसरहरु छन अवसर संगै समस्या र चुनौती पनि थपिएका छन । डिलासैनी गाँउपालिकालाइ कसरी देशकै नमुना गाँउपालिका बनाउन सकिन्छ भन्ने तर्फ सम्पूर्ण डिलासैनी परिवार सदैव चिन्तित थियो, छ र हुने नै छ । गणतन्त्र, संघीयतासँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र डिलासैनी गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफू र यस सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाजका अभियन्ताहरु, ओहोरात्र खटिने कर्मचारीहरु, शिक्षक, पत्रकार, समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७८/२०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्षको अन्त्यमा डिलासैनी गाउँपालिकाले देहायका विषयगत क्षेत्रमा निम्नानुसारको अपेक्षित उपलब्धी हासिल गरेको हुने छ ।

**क) आर्थिक विकास**

**<u>१.कृषि</u>**

१. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई गुणस्तरीय उत्पादनका लागि विषादी रहित प्राङगारिक(अर्गानिक) बालि उत्पादन, प्रशोधन र बजारिकरणमा जोड दिइने छ ।

२. आय आर्जन कार्यक्रम सन्चालन गर्न व्यवसायिक कृषकहरुलाई सुलभ व्याजदरमा कृषि ऋण उपलब्ध गराउन सहकारी तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरिनेछ ।

डिलासैनी गाउँपालिका

३. गाउँपालिकाको पंसेरा क्षेत्र, गन्ना क्षेत्र, गोकुलेश्वर क्षेत्र, धामीगाउँ क्षेत्र र अन्य सम्भाव्य क्षेत्रलाई साप्ताहिक वा निश्चित बारहरुमा सब्जी मण्डी थोक बजार, हाटबजार, तरकारी वा अन्य कृषि उत्पादन संकलन केन्द्रका रुपमा विकास गरी कृषि बजारलाई प्रवर्द्धन गरिनेछ ।

४. कृषकको क्षमता अभिबृद्धि, प्राविधिक सहायता, सीप विकास र सशक्तिकरण गरिनेछ ।

५. कृषि बिउबिजन, मल र औषधिहरुको आपूर्ति र व्यवसायिक कृषकहरुलाई आधुनिक औजारहरु विशेष अनुदानमा उपलब्ध गराउने नीति लिईनेछ ।

६. युवाहरुको विदेश पलायन हुने सोचलाई निरुत्साहित गर्न नमूनाको रुपमा गाउँपालिका भित्र ५० जना व्यवसायिक कृषक छनौट गरी कृषि क्षेत्रका विभिन्न व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

७. संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा कृषि उपज संकलन केन्द्र र चिस्यान केन्द्र स्थापना गर्न प्रयत्न गरिनेछ ।

८. कृषि बिमाका सम्बन्धमा अभिमूखिकरण गरी कृषि बिमालाई प्रोत्साहन गरिनेछ ।

९. लोप हुन लागेका स्थानीय रैथाने जातका बीउ बीजनहरुको संरक्षण गरिनेछ ।

१०. मौरीपालन, च्याउको बिउ, उन्नत तरकारीको बीउ, फलफूलको बिरुवा, प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी, आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गर्न उत्पादित वस्तुहरुको बजारीकरणमा जोड दिईनेछ ।

११. कृषि विकासको लागि गाउँपालिका भित्र एक वडा एक नमूना गाउँ बनाउन सहकारी, गैर सरकारी र निजी साझेदारी नीति लिईनेछ ।

१२. एक घर एक करेसावारी अवधारणालाई कार्यान्वयन गरिनेछ ।

**२.सिचाँई**

१. कृषि उत्पादकत्व बृद्धिमा सहयोग पुऱ्याउन सिचाँई नपुगेका गाउँ क्षेत्रलाई लक्षित गरी साना सिचाँई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

२. गाउँपालिका भित्रका परम्परागत कुलाहरुलाई मर्मत तथा संभार गरी प्रयोगमा ल्याईनेछ ।

३. कृषि योग्य जमिनहरु तथा कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विभिन्न परम्परागत र आधुनिक प्रविधिको माध्यमबाट खेर गएको पानीलाई उपयोग गरिनेछ ।

४. पानीको श्रोत संरक्षण तथा सिचाँईलाई मध्यनजर गरी एक वडा एक पोखरीको अवधारण अगाडि बढाईनेछ ।

५. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी लिफ्ट सिचाँइलाई विशेष जोड दिइनेछ ।

**३. पशुपंक्षी तर्फ**

१. प्रत्येक वडामा एक वडा एक पशु प्राविधिक सेवा केन्द्र कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र स्थानीय सम्भाव्यताका आधारमा कुखुरापालन, भैंसीपलन, माछापालन, सुगुरपालन लगायतका व्यवसायिक पशुपालनलाई प्रवर्द्धन गरिनेछ ।

३. गोठ, भकारो तथा मलखाद सुधार कार्यक्रम सञ्चालन गरी पशु उत्पादनमा बृद्धि गरिनेछ ।

४. कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादन बृद्धि गरिनेछ ।

५. पशु बिमा सम्बन्धमा अभिमूखिकरण गरी पशु विमा प्रति प्रोत्साहन गरिनेछ ।

६. पशुपालनका क्षेत्रमा पशुसेवा प्रसारका कार्यक्रम, समूह समितिहरु गठन र कार्यक्रममा आवद्धता, कृषक भ्रमण, तालिम, गोष्ठी जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. गाउँपालिका भित्र नमूनाको रुपमा कम्तिमा एक वडा एक कृषि तथा पशुपालन फर्म स्थापना गर्न प्रयत्नशील रहने, समूहगत रुपमा र व्यवसायिक फर्महरुलाई विभिन्न किसिमका अनुदान कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

८. दुध चिस्यान केन्द्रहरुको स्थापना गरी स्थानीय कृषकहरुबाट उत्पादित दुधलाई चिस्यान केन्द्र मार्फत बजारमा सहज पहुँच पुऱ्याउन पहल गरिनेछ ।

९. स्थानीय स्तरमा उत्पादित घिउ प्रसोधन गरी बजारीकरणमा जोड दिइनेछ ।

१०. सहुलियत कृषि ऋणमा पहूँच पुऱ्याउन वित्तीय संस्थासँग समन्वय गरिनेछ ।

**४.सहकारी**

१. सहकारी तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरी व्यवसायिक किसानहरुलाई सर्वसुलभ दरमा ऋृण उपलब्ध गराउन पहल गरिनेछ ।

२. सहकारी संस्थाहरुको अनुगमन निरिक्षणलाई प्रभावकारी बनाउँदै उत्कृष्ट सहकारीहरुलाई पुरस्कृत गरिनेछ ।

३. उद्यमशिलता विकासका लागि उन्मुख सहकारी संस्थाहरुलाई प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।

४. महिला उद्यमीहरुको विकास गर्न महिला सहकारी संस्था प्रवर्द्धनमा जोड दिईनेछ ।

५. सहकारी संस्थाहरुको सहकार्यमा उत्पादन, प्रशोधन र बजारिकरणमा जोड दिइनेछ ।

**५. उद्योग/बाणिज्य/आपूर्ति**

१. गाउँपालिका स्तरीय उद्योग ग्राम खोल्न आवश्यक पहल गरिनेछ ।

२. लक्षित समुदायमा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. उद्यमशिलता विकास एंव आयमूलक रोजगारी अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरी महिला, दलित, आदिवारी/जनजाति र पछाडि परेका जनसमुदायलाई लघु उद्यममा सहभागी गराईनेछ ।

४. गुणस्तरहीन एंव म्याद नाघेका बस्तुहरुको बिक्री बितरणलाई रोक्न प्रभावकारी कदम चालिनेछ ।

५. एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभाकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ ।

६. वन तथा वनस्पतिजन्य उद्योगहरुको स्थापना गरी आय आर्जनमा बढाबा दिईनेछ ।

७. एक वडा एक व्यवसायिक आरनको नीति लिई सेवामूलक उद्योग स्थापनामा जोड दिईनेछ ।

**६. पर्यटन/संस्कृति**

१. डिलासैनी गाउँपालिका भित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको सांस्कृतिक जगेर्ना गर्दै भौतिक पूर्वाधारहरुको विकास एंव दिगो पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । साथै पर्यटन उद्योगबाट रोजगारीको सृजना गर्दै लगिनेछ ।

२. पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन सक्ने मेला, महोत्सव, ऱ्याली तथा अन्य प्रचार प्रसारका कार्यक्रमहरुको आयोजना गरिनेछ ।

३. पर्यटन विकासका लागि पर्यटन विकास समिति बनाई कार्य अगाडि बढाईनेछ ।

४. गाउँपालिको केन्द्रदेखि गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने पर्यटन मार्गहरुको निर्माण गरिनेछ ।

५. धार्मिक, ऐतिहासिक र पर्यकीय स्थलको पहिचान गरी योजना बनाई विकास गरिनेछ ।

६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसँग समन्वय गरी चौलानी नदीमा ऱ्याफ्टीङको सम्भाव्यता अध्ययन गरी आवश्यक कार्य अगाडि बढाउने नीति अबलम्बन गरिनेछ ।

**ख) वातावरण तथा विपद् व्यवस्थापन**

**१.वन**

१. व्यवसायिक रुपमा काठ, दाउरा, निकासी तथा वनजन्य जडीबुटी वा गैर काष्ठ वन पैदावर विक्री वितरणलाई व्यवस्थित गरिनेछ ।

२. वन फडानी र वन डढेलो निरुसाहित गरी वन व्यवस्थापन र लोपोन्मुख वन्यजन्तु संरक्षणमा जोड दिईनेछ ।

३. वनमारा जस्ता वनलाई हानी पुऱ्याउने वनस्पति तथा पुराना रुख, काठ हटाई बहुमूल्य बिरुवा वृक्षारोपण तर्फ ध्यान दिईनेछ ।

४. सामुदायिक वन व्यवस्थापन र निजी वन दर्ता गर्न प्रोत्साहन गरिनेछ ।

५. वन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धि विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।

६. नाङ्गा डाँडाहरुमा बृक्षारोपण गर्ने वन क्षेत्रमा उपलब्ध हुने विभिन्न प्रजातिका रुख बिरुवा एंव जडीबुटी, फलफूललाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउन पहल गरिनेछ ।

**२.वातावरण**

१. प्राकृतिक वातावरण संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ ।

२. वातावरण संरक्षणको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाईनेछ ।

३. पानीको श्रोतको दिगोपनाको लागि पुराना कुवा, मुहान तथा पोखरीहरुको मर्मत सम्भार एंव संरक्षणका साथै पुर्नभरण पोखरी (Recharge Pond) बनाउने कार्यलाई सबै वडामा जोड दिईनेछ ।

डिलासैनी गाउँपालिका

**३.फोहोरमैला व्यवस्थापन**

१. फोहोरमैला व्यवस्थापनका लागि आमा समूह, टोल विकास संस्था, युवा क्लबसँगको सहकार्यमा फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नकुहिने र पुनःप्रयोग गर्न सकिने फोहरलाई निजी क्षेत्रको सहयोगमा व्यवस्थापन गरिनेछ ।

३. बजार उन्मुख सम्भाव्य क्षेत्रहरुमा नाला तथा ढल निकासको व्यवस्थापन गर्न प्रयत्न गरिनेछ ।

**४.विपद् व्यवस्थापन**

१. विभिन्न दैवी प्रकोप, आगलागि, बाढी पहिरो, जस्ता विपद्हरुमा परेकोहरुका लागि तत्काल आवश्यक सहयोगका लागि उद्दार तथा राहत उपलब्ध गराउने नीति लिईनेछ ।

२. विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**ग) सामाजिक क्षेत्र**

**१.शिक्षा**

१. आधारभुत बाल विकास केन्द्र तथा लक्षित समूहका बालबालिकाहरुको पहुँच बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याउने नीति अपनाईनेछ ।

२. डिलासैनी गाउँपालिकामा सञ्चालित विद्यालय सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा जोड दिने नीति लिईनेछ ।

४. गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरु मध्ये कम्तीमा १ विद्यालयलाई प्राविधिक र १ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने नीति लिईनेछ ।

५. विद्यालय पहुँच भन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने बालबालिकालाई विद्यालय भित्र्याउन आवश्यक पहल गर्ने नीति लिईनेछ ।

६. गाउँपालिका क्षेत्रमा बहुप्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।

७. शैक्षिक गुणस्तर अभिबृद्धि गर्न शिकाई उपलब्धी मूल्याकंन परीक्षा प्रणालीमा एकरुपता कायम गरिनेछ ।

८. गाउँपालिका स्तरमा अनौपचारिक शिक्षा प्रवर्द्धन गर्न सार्वजनिक पुस्तकालय स्थापना गर्न पहल गरिनेछ ।

९. शिक्षक कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. कोभिड १९ को कारणले शिक्षामा परेको क्षति न्यूनिकरण गर्न शिक्षालाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

**२.स्वास्थ्य**

१. जन स्वास्थ्यसँग सम्बन्धीत प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाहरु प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त अनुसार सञ्चालन गरिनेछ । सञ्चालनमा रहेको अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ ।

२. आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँग बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।

३. महिला स्वास्थ्य(प्रजनन् स्वास्थ्य) र बाल स्वास्थ्य-खोप, पोषणमा थप जोड दिईनेछ ।

४. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुलाई मापदण्ड अनुसार सुदृढीकरण गरिनेछ ।

५. स्वस्थ घर, स्वस्थ गाउँ तथा स्वस्थ गाउँपालिका बनाउन प्रयत्न गरिनेछ ।

६. स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता बृद्धि गर्न पुनर्ताजकी तालिम तथा प्रोत्साहन गरिनेछ ।

७. गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गर्भजाँच गराउँदा प्रोत्साहन गरिनेछ ।

८. स्वस्थ जीवनशैनी, पोषण, शारिरीक व्यायम, योगभ्यास, पञ्चकर्म लगायतका जन स्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।

९. सुगर र ब्लड प्रेसर लगायत दीर्घ रोगका बिरामीलाई लक्षित गरी गाउँपालिका दीर्घ रोग न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

१०. पूर्ण संस्थागत सुत्केरी No Home Delivery गाउँपालिका बनाउने नीति लिइनेछ । यसका लागि सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ सेन्टर स्थापना गरी घरमै सुत्केरी हुने प्रचलनलाई अन्त्य गर्दै संस्थागत सुत्केरी हुने व्यवस्था मिलाईनेछ । यसै आ.व. भित्र No Home Delivery गाउँपालिका घोषणा गरिनेछ ।

११. सुविधा सम्पन्न कोरोना अस्पताल स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

१२. आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. प्रत्येक स्वास्थ्य संस्थामा ल्याव सेवालाई निरन्तरता दिदै निशुल्क रुपमा युएसजी सेवा सञ्चालन गरिनेछ ।

१४. एक पालिका एक अस्पताल निर्माणलाई पूर्णता दिइनेछ ।

१५.कोभिड १९ को संक्रमणलाई न्यूनीकरण गर्न पिसिआर परिक्षण कार्यलाई तीव्रता दिईनेछ ।

१६.निजी अस्पताल, स्वास्थ्यसँग सम्बन्धित प्राविधिक शिक्षालय खोल्न प्रोत्साहन गरिनेछ ।

**३.खानेपानी तथा सरसफाई**

१. खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।

२. सार्वजनिक शौचालयको स्थापना गरिनेछ ।

३. एक घर एक धाराको सरकारी नीतिलाई गाउँपालिकाको हकमा समेत आत्मसात गर्दै जाने नीति लिईनेछ ।

४. सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । गाउँ क्षेत्रको सरसफाई कार्यलाई तीव्रता र निरन्तरता दिइनेछ ।

५. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

६. गाउँपालिका क्षेत्रका जलश्रोतहरुको समुचित व्यवस्थापनका लागि जलउपयोग गुरुयोजना निर्माण गरिएको छ र गुरुयोजना अनुसार गाउँपालिकाका सबै बस्तीहरुमा साझेदार निकायहरुको समन्वयमा क्रमशः स्वच्छ खानेपानी व्यवस्थापन गरिनेछ, साथै मुहानमा पानीको मात्रा प्रयाप्त उपलब्ध भएको क्षेत्रमा घर घरमा धारा सहितको निजी धारा प्रणालीलाई निरन्तरता दिईनेछ ।

७. सुधारिएका खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाई स्वच्छता(वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

८. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

१०. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

११. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८० भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

१३. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु५००००० भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

१४. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

## ४.महिला, बालबालिका तथा जनजाति

१. एकल तथा असहाय महिला लक्षित प्रत्यक्ष आय आर्जन गर्न सकिने कार्यक्रमहरु लागु गरिनेछ ।

२. महिलाहरुको क्षमता अभिबृद्धि र आयमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

३. लैंगिक हिंसा तथा महिलालाई गरिने दुर्व्यवहार रोक्न शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

४. छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभियान संचालन गरिनेछ ।

५. प्रत्येक गाउँ टोल वडाहरुमा महिला सञ्जाल गठन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५.बालबालिका

१. बालबालिकालाई सबै किसिमका दुर्व्यवहार, यातना, अपहरण र भेदभावमुक्त बनाउन आवश्यक पहल गरिनेछ ।

२. बालमैत्री स्थानीय तह निमार्ण गर्न आवश्यक पहल गरिनेछ ।

३. सार्वजनिक विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धी विशेष लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

४. बलश्रम न्यूनिकरणको नीति लिइनेछ ।

५. सामाजिक सुरक्षा अन्तरगत टुहुरा बालबालिकाहरुलाई मासिक बाल संरक्षण अनुदान बापत पाँच सय भत्ता दिने नीति लिइनेछ ।

६. प्रत्येक गाउँ टोलमा बाल क्लब गठन गरी बाल अधिकार, बाल संरक्षण, बाल सहभागिता मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**६.फरक क्षमता भएका व्यक्ति**

१. विश्वव्यापी मापदण्ड अनुरुप सडक, यातायात, सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरु भिन्न क्षमता मैत्री बनाइनेछ ।

२. सामाजिक आर्थिक पूर्वाधारहरुको विकास गरी भिन्न क्षमता भएका व्यक्तिहरुको लागि स्वतन्त्र, स्वावलम्बी र मर्यादित जीवनयापन अवसरहरुको सिर्जना गरिनेछ ।

३. फरक क्षमता भएका व्यक्तिहरुको सशक्तिकरणका लागि विभिन्न संस्थाहरु तथा सरकारी एवं राष्ट्रिय/अन्र्तराष्ट्रिय गैरसरकारी संस्थाहरु बीच अन्तरसम्बन्ध, सहकार्य, सहयोग र समन्वयलाई सुदृढ बनाइने नीति लिइनेछ ।

**७.युवा तथा खेलकुद**

१. सामाजिक, आर्थिक, उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ ।

२. खुला अध्यक्षकप खेलकुद प्रतियोगिता तथा रचनात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. युवाहरुलाई दुव्यसनीबाट मुक्त राख्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. युवा लक्षित कार्यक्रम र युवा रोजगारीलाई विशेष ग्रहयता दिइ विभिन्न क्षेत्रमा कम्तीमा १०,००० जनालाई लक्षित गरि युवा स्वारोजगार कार्यक्रम बनाइ अगाडि बढाइनेछ ।

५. विदेश पलायन हुने युवा सोचलाई निरुत्साहित गरी नमूनाको रुपमा युवा व्यवसायिक कृषक उत्पादन गरी कृषि क्षेत्रका विभिन्न व्यवसाय गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

६. प्रत्येक वडामा सुविधा सम्पन्न कभर्ड र हरियाली युक्त खेलमैदान निर्माण गरिनेछ ।

**८.ज्येष्ठ नागरिक**

१. ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका ज्येष्ठ नागरिक भत्ता लगायतका आर्थिक सामाजिक र स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरिनेछ ।

२. ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. प्रत्येक वडामा ज्येष्ठ नागरिक भेटघाट कार्यक्रमको माध्यमबाट ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई गाउँपालिका विकासमा उपयोग गरिनेछ ।

शिवालय गाउँपालिका

घ) **भौतिक पूर्वाधार क्षेत्र**

१. गाउँपालिका केन्द्र देखि सबै वडा कार्यालय जोड्न सडकहरुलाई स्तरउन्नत्ति तथा कालोपत्रे गर्न प्राथमिकता दिईने छ ।

२. समुदायबाट पहिचान गरिएका भौतिक पूर्वाधारका क्षेत्रहरुको निर्माणमा जोड दिइनेछ ।

३. पूर्वाधारको विकास एंम निर्माण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्ग, समुदाय, जाति र क्षेत्र लाभान्वित हुने गरी सन्तुलन कायम गरिनेछ ।

४. सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रवर्द्धनमा विशेष जोड दिईनेछ । सार्वजनिक सडकको दायाँ बायाँ बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ ।

५. गाउँपालिका भित्रका रणनीतिक सडकहरुको सडक यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड लागु गरिनेछ ।

६. गाउँपालिका भित्र एउटा नमूना सडक निर्माण गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।

७. कन्टिन्जेन्सी तर्फको रकमबाट कम्तीमा पच्चीस प्रातिशत रकम मर्मत सम्भार कोष खडा गरी खर्च गरिनेछ ।

८. हरेक वर्षको फाल्गुन मसान्तभित्र पूर्वाधार तर्फका आयोजनाहरु सम्पन्न गराउन प्रयास गरिनेछ ।

९. डिलासैनी गाउँपालिका भित्र निर्माण हुने सबै घरहरुको नक्सा पास गरी भुकम्प प्रतिरोधि बनाउने नीति लिईने छ ।

१०. गाउँपालिका भित्र लागत सहभागिताका योजनाहरु संचालनमा प्राथमिकता दिइनेछ ।

**१. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण**

१. यस गाउँपालिकाको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड निर्माण गरिनेछ ।

२. भूकम्प प्रतिरोधी भवन निर्माण आचार संहितालाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ । सरकारी भवनहरु निर्माण गर्दा बाल तथा अपाङ्ग मैत्री भएमा मात्र नक्सा पास गर्ने नीति लिइनेछ ।

डिलासैनी गाउँपालिका

**२.उर्जा र वैकल्पिक उर्जा**

१. डिलासैनी गाउँपालिकाले अँध्यारोमुक्त डिलासैनी अभियान सञ्चालन गर्ने नीतिलाइ निरन्तरता दिएको छ । यसका लागि लघु जलविद्युत निर्माण आयोजनाहरु संचालनमा ल्याइनेछन् । मुख्य मुख्य चोक र सडक हरुमा सौर्य बत्तिहरुको लागि आवश्यक पहल गरिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**१. क्षमता विकास**

१. टोल विकास संस्था र आमा समूहहरुको क्षमता विकास गर्दै उद्यमशील कार्यक्रमहरु अबलम्वन गर्न प्रेरित गरिनेछ ।
२. उपभोक्ता समितिलाई क्षमता विकासको निम्ति आवश्यक तालिम उपलब्ध गराईनेछ ।
३. समयमै राम्रो र गुणस्तरीय काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

**२. सार्वजनिक जग्गा संरक्षण**

१. गाउँ क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । ऐलानी/प्रर्तिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइनेछ र उक्त जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिनेछ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।
२.

**३. सूचना प्रविधि तथा सञ्चार**

१. सूचना प्रविधि तथा सञ्चारलाई विस्तार गरी सूचना तथा प्रविधिमैत्री गाउँपालिका बनाउन पहल गरिनेछ ।
२. गाउँपालिकामा एक सूचना प्रविधि केन्द्र र एक सूचना प्रविधि खोज तथा अनुसन्धान केन्द्रको स्थापना गरिनेछ ।
३. गाउँपालिकाको सबै विषय, क्षेत्र र माध्यमहरुलाई एकीकृत  रुप सार्वजनिकीकरणका लागि सबै प्रकारका प्रविधिहरुको प्रयोगमा जोड दिइनेछ ।

डिलासैनी गाउँपालिका

४. गाउँपालिकाको वेबसाइटलाई पूर्णरुपमा अद्यावधिक गरि गाउँपालिकाबासिले गुनासो गर्न सक्ने र गाउँपालिकाका गतिविधिहरुका बारेमा घर बसि जानकारी हुने व्यवस्था मिलाइनेछ ।

**४.राजस्व सम्बन्धी नीति**

१. एकीकृत सम्पत्ति कर  र व्यवसाय कर यसै आ.व.को शुरुदेखि लागु गरिनेछ । करबाट संकलित रकम सम्बन्धित वडाकै विकास निर्माणमा खर्च गर्ने नीति लिईनेछ ।

२. आन्तरिक आयका नयाँ र स्थायी श्रोतहरुको खोजी गरिने नीति लिइनेछ ।

**५. पेश्की/बेरुजु फछ्यौट सम्बन्धी नीति**

१. हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइनेछ ।

२. पुरानो पेश्की, बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्ब पेश्की फछ्यौट गराउन आवश्यक पहल गरिनेछ ।

**६.लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीति**

१. लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइनेछ ।

२. सार्वजनिक खर्चको मितव्ययीतालाई विशेष ग्राहयता दिइनेछ ।

३. गाउँपालिकाको आय व्ययलाई चौमासिक रुपमा सूचना पाटी तथा वेबसाईट मार्फत सार्वजनिक गरिनेछ ।

**७. भ्रष्टाचार निवारण कार्ययोजना**

१. गाउँ कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिनेछ ।

२. सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदनुकुलको व्यवहार गर्दै लगिनेछ ।

३. डिलासैनी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय र यस अन्तरगतका वडा कार्यालयहरुलाई देशकै उत्कृष्ट नमूना कार्यालय र अनुकरणीय गाउँपालिका बनाउन चालु आ.व. देखि नै आवश्यक कार्यको थालनी गरिनेछ ।

४. कार्यालयको उजुरीपेटिका मार्फत उजुरी गुनासाहरुलाई हप्ताको एक पटक फछ्यौंट गर्दै जाने नीति लिईनेछ ।

५. गाउँ कार्यपालिका कार्यालयमा सबै नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र राखिनेछ ।



डिलासैनी गाउँपालिका

६. गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट गाउँपालिका भित्रको बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

**८. कर्मचारी प्रशासन**

१. कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइनेछ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई मापदण्ड तोकी उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२. कर्मचारीलाई सेवा प्रति लगनशील र कर्त्तव्यनिष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइनेछ ।

३. डिलासैनी गाउँपालिका भित्र काम गर्ने कार्यरत करार कर्मचारीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषको शुरुवात गरिनेछ ।

४. सेवा प्रवाहमा जवाफदेहिता, पारदर्शिता सुशासन कायम गरिनेछ यसका लागि रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाहमा जोड दिइनेछ ,नियमित सार्वजनिक सुनुवाईको व्यबस्था गरिनेछ ।

५. मुस्कान सहितको सेवा प्रणाली लागु गरिनेछ । गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा समेत गुनासो संयन्त्र निर्माण गरिनेछ ।

६. स्थानीय तहका कर्मचारीहरुले अवकाशपछि प्राप्त गर्ने सुविधाको व्यवस्थापनका लागि कर्मचारी कल्याणकारी कोष स्थापना गरिने नितिलाइ निरन्तरता दिइने छ ।

७. कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण तथा उच्च अध्ययनको व्यवस्था गर्ने नीति लिइनेछ ।

**९.न्यायिक कार्य सम्बन्धी व्यवस्था**

१. न्यायिक कार्यलाई नियमन तथा व्यवस्थित गरिनेछ ।

२. विवाद निरुपणको कार्यलाई व्यवस्थित, न्यायोचित, गैरविभेदकारी बनाउने प्रयास गरिनेछ ।

३. न्यायिक समितिद्धारा विवादसँग सम्बन्धित पक्षहरुलाई झिकाउने र न्यायिक प्रक्रियाहरुलाई यथाशीघ्र छिटो सम्पादन गराउने तर्फ ध्यान दिइनेछ ।

४. गाउँपालिकाले न्याय निरुपण गर्ने विषयहरुको जानकारी गर्न प्रत्येक वडामा न्यायिक अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।

डिलासैनी गाउँपालिका

५. न्यायिक समिति मार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निशुल्क न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**१०. रोजगार कार्यक्रम**

१. गाउँपालिका भरिमा रहेका बेरोजगारहरुको विवरण संकलन गरी विपन्नताको आधारमा उनीहरुलाई रोजगारी सृजना गर्न गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

**आदरणीय सदस्य महानुभावहरु**

जनता विकासको व्यग्र पतिक्षामा छन । सिमित श्रोत साधन कुशल परिचालन विना जनताका अपेक्षाहरु छोटा समयमै सम्बोधन गर्नु निकै जटिल चुनौतिको रुपमा रहेको छ । एकातिर संघियता संस्थागत भइसकेको छैन भने अर्कातिर कर्मचारी समायोजन ले समेत पुर्णता नपाएको अवस्था छ । यसका वावजुत डिलासैनी गाँउपालिका को निति तथा कार्यकम को तेस्रो बर्ष प्रबेश गर्दा धेरै अनुभव हासिल भएका छन । यिनै अनुभवहरुका सकारात्मक पक्षहरुलाइ व्यवहारमा लागु गर्दै समृद्ध र समुन्नत डिलासैनी निर्माण का लागि हामिले सुशासन सहितको तिव्र आर्थिक बृद्धि र दिगो विकास प्राप्त गर्नैपर्ने हुन्छ । यसरी सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा दिगो विकास का माध्यमवाट आम जनतालाइ प्रत्यक्ष परिवर्तनको अनुभुति गराउन सकेमा मात्र संघिय शासन व्यवस्था संस्थागत भइ लोकतन्त्र सुदृढ हुन सक्छ ।

डिलासैनी गाउँपालिकाको विकासका लागि अंगिकार गरिएका यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आम डिलासैनीवासी जनसमुदाय, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, कर्मचारी संयन्त्र सबै निस्वार्थ ढंगले लागि परौं भन्ने यसै गाउँसभा मार्फत आम डिलासैनीबासीमा हार्दिक अपील गर्दै बिदा हुन्छु ।

धन्यवाद

उकेन्द्रबहादुर बोहरा
अध्यक्ष

डिलासैनी गाउँपालिका